# परम कल्याणको मार्ग



# परम् कल्याणको मार्ग

सच्चिदानन्द भगवान्‌को जय,

कर्मको गति असाध्यै गहन छ, विशाल पनि छ ।  कर्म नगरीकन संसार मा कोही व्यक्ति रहन सक्दैन त्यसैले मानवले कर्मयोगको ज्ञान राम्रोसँग गर्नुपर्ने हुन्छ। यसलाई बुझेर यदि कर्म गर्न थाल्यो भने सहजै परमगति प्राप्त हुन्छ ।

**नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।**
**शरीर यात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ॥ ३८ गीता ॥**

अर्थात् तिमी शास्त्र विधानले नियत गरिसकेका स्वधर्म रूपी कर्म अवश्य गर । कर्म नगर्नु भन्दा कर्म गर्नु नै असल हुन्छ । कुनै कर्म नगरेको खण्डमा तिमीलाई शरीर निर्वाह गर्न समेत अत्यन्त कठीन पर्नेछ । यानि नियत गरिएको कर्महरु लिएर संसारमा व्यक्ति जन्मिसकेपछि त्यो कर्म गर्न उ बाध्य पनि हुन्छ । प्रकृतिको गुण सत्व, रज र तम बाट परवश भएर पनि उसले कर्म गर्दछ । यी गुणहरुको आधारबाट व्यक्ति कर्म गर्दछ । जसरी निदाउँदा समस्त कर्महरु अव्यक्तमा जान्छन् त्यतिखेर सत्त्व, रज, तम गुण पनि अव्यक्त अवस्थामा रहन्छन् । जब विउँझिन्छ तब व्यक्ति जस्तो छ त्यही अनुसारको गुण प्रादुर्भाव हुन्छ । तामसिक विचार भएको व्यक्तिको तामसिक गुण, राजसिक विचार भएको व्यक्तिको राजसिक गुण र सात्विक विचार भएको व्यक्तिको सात्विक गुण हुन्छ । यसलाई गुणत्रय भनिन्छ । यसैको वशमा समस्त प्राणीहरु हुन्छन् । त्यसैले अब हामीले त्यो गुण कर्म जो छ त्यसलाई राम्ररी जान्नुपर्दछ ।

ब्रह्माजीले पनि सम्पूर्ण संसार कर्मको आधारले नै सृष्टि गर्नु भएको छ । कर्म गरेर नै व्यक्तिले एक अर्कामा परस्पम्भावयन्तम् राखिएको छ। जस्तो हामीले यज्ञ गर्यौं भने त्यो यज्ञको प्रभाव देवताहरुमा पुग्ने, जल वृष्टि हुने, अन्न आउने, यस्तो सबै नियमहरु यज्ञरूपी कर्ममा विधान बनाएर राखिएको छ । गीतामा कर्मको विषयमा बडो राम्रो किसिमले व्याख्या गरिएको छ । कर्म विषय बडो राम्ररी जान्नु पर्छ । हामीले कर्मको महिमा किन राम्ररी बुझ्नु पर्छ त भन्दा शरीर निर्वाहको निम्ति पनि व्यक्तिले कर्म नगरिकन बस्न सक्दै सक्दैन । कर्म गर्नै पर्ने हुन्छ । द्वन्दबाट रहित

भएर जे प्राप्त हुन्छ, जे आई लागेको छ, आफ्नो कर्ममा जुन अवस्था आईपरेको छ, लाभ हानी जस्तो छ, सुख आओस् दुःख आओस् त्यसमा समभाव राखेर कर्म गर्न सिक्नु पर्छ ।

कर्मको स्वरूप पनि बुझ्नु पर्ने हुन्छ । कर्म, अकर्म र विकर्म ३ किसिमको कर्महरु हुन्छन् । जुन कर्मबाट हामीलाई फल प्राप्त हुन्छ त्यसलाई कर्म भनिन्छ। कर्मफललाई त्याग गर्नुलाई अकर्म भनिन्छ । विकर्म भनेको चाहि निषिद्ध कर्म हो जुन गर्न हुँदैन । जस्तो हामीले दुराचार गर्नु हुँदैन, दुश्कर्म गर्नु हुँदैन, अरुलाई मार्नतिर लाग्न हुँदैन, अरुको अहित गर्न पछि लाग्न हुँदैन । यिनीहरु सबै विकर्ममा पर्दछन् अर्थात् अर्कोलाई दुःख दिनु, ठग्नु, मार्नु सबै विकर्ममा पर्दछन् । फल इच्छा, आशक्ति, कामना राखेर जो पनि कर्म गरिन्छ त्यो कर्म हो । फल इच्छा आशक्ति कामना नराखिकन हामी जो निष्काम कर्म गर्छौं त्यो अकर्म हुन्छ । त्यसैले त गीतामा भनिएको छ-

**कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः ।**
**स बुद्धिमान मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ।।४।१८।।**

अर्थात् जसले कर्ममा अकर्म, अकर्ममा कर्म देख्छ त्यही नै बुद्धिमान मानिस हो र ज्ञानी हो । त्यस्तो योगी पुरुष सबै कर्म गर्नमा समर्थ हुन्छ ।

अब यहाँ कर्मलाई अकर्म, अकर्मलाई कर्म देख्ने कसरी यो कुरा थाहा पाउनु पर्यो । आशक्ति रहित भएर जुनसुकै कर्म गरिन्छ त्यो कर्म सकर्म नै हुन्छ । त्यो कर्म फलको त्यागले फल भोग्नु पर्दैन । आशक्ति रहित भए हामीले फल भोग्नु पर्दैन । आशक्ति रहित भएर हामीले जो यज्ञ यज्ञादि गर्छौं, जो सत्संग पनि गर्दछौं जो देवार्चन पनि गर्दछौं यी साराका साराकर्महरु जे जति छन् ती कर्मको फल भोग्नु पर्दैन याने कर्म बन्धनमा पर्दैन । पहिले पहिलेका महात्माहरुले पनि, ज्ञानी कर्मेष्टीहरुले पनि, जनक आदि सन्त राजाहरुले पनि यही बुझेर निष्काम कर्म गरेका थिए । कर्म छोडेर छोडिँदैन किन भने व्यक्तिको खान लाउन व्यवहार चलाउन सबैको लागि उसले कर्म गर्नु पर्ने हुन्छ । उसको मनले पनि कुनैन कुनै कामै गरिराखेको हुन्छ, त्यो पनि कर्म हो,

बुद्धि चित्तले जे गर्छ त्यो पनि कामै हो । सुकर्मले सुखभोग र दुष्कर्मले दुःख भोग गर्नु पर्छ । भोग रहित कर्मले मुक्ति दिन्छ, त्यसैले निष्काम गर्नुपरेको छ । हामीले कुनै पनि कर्ममा फल इच्छा आशक्ति राख्नासाथ बन्धनमा पर्छौं । तपाईको कर्म आशक्तिमूलक भईदियो, तपाईहरुको मन विषय सुख भोगमा विचरीरहन्छ भने त्यो कर्म बन्धनमा पर्छ । हामीले भित्र अन्तर गहिराईबाट, सांसारिक भोगको लालसा राखेनौं भने हामीलाई बन्धन हुँदैन । त्यसैले हामी नीति नियम र यथार्थ सत्यमा आधारित भएर हिँड्नु पर्छ, विचार गर्नुपर्छ र कर्म पनि गर्नुपर्छ ।

हामीले ध्यान गर्नु पनि कर्म हो, जप, पाठ, सत्संग गर्नु पनि एक किसिमको कर्म हो । तर यी कर्ममा श्रेष्ठता के छ त भन्दा यी कर्मले मुक्तिदायकको भूमिका राख्दछ । यदि उसले परमात्माको ज्ञान प्राप्त गर्ने, आत्म ज्ञान गर्ने, ब्रह्मज्ञान गर्ने इच्छा राखेको छ भने त्यो कर्म पनि अकर्ममा परिणत हुन्छ ।

कर्ममा अकर्म, अकर्ममा कर्म देख्ने व्यक्ति भने बुद्धिमान हो, त्यो योगी हो र ज्ञानी पनि हो । कर्म र अकर्मको कुरा जसले जान्दैन उसले हरि भक्ति गरेपनि, राम भक्ति गरेपनि, कृष्ण भक्ति गरेपनि, शिव भक्ति गरेपनि मुक्ति पाउन गाह्रो हुन्छ । भगवान् कृष्ण भन्नु हुन्छ मेरो लागि यो जगतमा कुनै कर्तव्य कर्म छैन, मलाई अप्राप्त बस्तु पनि कुनै छैन । मैले जे इच्छा गर्छु त्यो सबै पूरा हुन्छ केही गर्नु छैन मलाई, तर पनि हेर अर्जुन म यो लोकमा कर्ममै वर्ता गर्दछु, म कर्मैमा रहेर सबै गरी राखेको छु । किनभने आफूभन्दा ठूलाले जस्तो कर्म गर्दछन्, त्यस्तै कर्म अरुले गर्दछन् ।

युधिष्ठिर महाराजले अश्वमेद यज्ञ गर्न लाग्नु भयो । अव त्यो यज्ञ गर्ने ठाउँमा भगवान् कृष्णले म छँदै छु नि अश्वमेद यज्ञ गर्नु पर्दैन भन्नु भएन नि । अब हिजो आजका तथाकथित ज्ञानी र धर्म प्रचार गर्ने चाहीँ यज्ञ गर्नु पर्दैन भन्छन् । जव युधिष्ठिर महाराजले अश्वमेद यज्ञ गर्ने विचार गरे तब श्री कृष्णसँग सल्लाह गरेका थिए, यो कार्यलाई ठूलो धन राशी चाहिन्छ के गर्ने त भन्दा अब कुवेर कहाँ धन माग्न जानु पर्यो भन्ने कुरा भयो र युधिष्ठिर महाराज कुबेर भएको ठाउँमा जानु

भयो र यज्ञ गर्न लागेको, धन चाहियो भन्दा कुबेरले धन भएर कहाँ हुन्छ बुद्धि चाहिन्छ भने । अब के गर्ने भनेर कृष्णकहाँ गएर कसरी गर्ने धन छैन भन्दा गर न मैले भनेपछि, मैले जे जे भन्छु त्यही गर भन्नु भयो भगवान् कृष्णले । किन भन्नु भयो त भन्दा कुबेरका मालिक नै आफ्नो साथ छन् भने धन खोज्न किन कुबेरको मा जानुपर्यो । त्यसैले धन भएर मात्र हुन्छ ? बुद्धि पनि चाहिन्छ भनेर पठाई दिएपछि मात्र उसले थाहा पायो र त्यसपछि अश्वमेद यज्ञ गर्ने व्यवस्था मिलाईयो ।

मिलाईसकेपछि सारा साधु सन्त जतिको पाउ धुने जिम्मा कृष्ण आफैले लिनु भयो । दुर्योधनलाई भण्डारको काम, कर्णलाई चाहि दान दिनेमा राख्दिनु भयो। सवैलाई आ-आफ्नो कामको जिम्मेवारी पनि दिनु भयो । यज्ञ शुरु गरियो भगवान् कृष्ण जतिपनि महात्मा आउनु हुन्थ्यो सबैको खुट्टा धुनुहुन्थ्यो, चरण स्पर्श गर्नुहुन्थ्यो । कर्म हेर्नुस् कृष्ण भगवान्को, कति पवित्र प्रेम छ । कर्णलाई एउटा वरदान थियो त्यो उसलाई थाहा थिएन । उसले एक रुपैयाँ भिक  दिंदा दुई रुपैयाँ बढ्थ्यो अर्थात् जति दिन्छ त्यसको डवल बढ्ने, उसले त्यस्तो वरदान पाएको थाहा भएर नै कृष्णले उसलाई दान दिनेमा राख्नु भयो र युधिष्ठिरको यज्ञ सफल भयो तर दुर्योधनले यो थाहा पाएन । त्यसकारणले जसको साथमा भगवान् हुन्छ जतिसुकै शत्रुले कुविचार गरोस् नाश्न खोजोस्, विगार गर्न खोजोस् उसलाई केही गर्न सक्दैन, उसको बढोत्तरी नै हुन्छ । त्यसकारण ज्ञानको रहस्य छ, ज्ञानको महत्व छ, ज्ञानको अवस्था छ । ज्ञान नगरी हुँदैन तर ज्ञानको विशालता प्राप्त गर्नको निमित्त कर्म गर्नुपर्छ । निस्काम कर्मयोगी बन्नु पर्छ । पूजा पाठ नित्य कर्म पनि गर्ने, यहाँ छोड्न पर्छ भन्ने कुरा छैन, चलिआएको संस्कार पनि सबै गर्ने तर फल इच्छा आशक्ति नराखीकन सबै गर्ने । अनि ज्ञान विचार गर्ने, भक्ति विचार गर्ने, सम्पूर्ण कुराहरुको विचार विमर्श चाहीं नितान्त आवश्यक छ । त्यसैबाट आत्मज्ञान, ब्रह्मज्ञान र पूर्णत्व सिद्धि हुन्छ। त्यसैले हामीले कर्म गर्न छोड्नु हुँदैन । भगवान्को चिन्तन पनि दिनरात गर्नुपर्दछ ।

कर्म नभईकन कहाँ ज्ञान हुन्छ । तपाईको कर्मले नै ज्ञान सिद्धि हुन्छ र ज्ञान जानेर नै कर्म गर्नुपर्ने हुन्छ । त्यसैले तपाईहरुले आत्माको ध्यान गर्नु पनि कर्म भयो । प्रभुको नाम जप्नु पनि कर्म, पूजा गर्नु पनि कर्म, भगवानको भक्ति गर्नु पनि कर्म । भगवान्लाई खुशी पार्न पनि भक्तियुक्त कर्म गर्नुपर्छ । यदि  भक्तिको साथमा कर्म छैन भने भगवान् खुशी हुनुहुन्न । भक्ति सँगसँगै कर्म छ

कि छैन विचार गर्नुपर्छ । कोही भन्छन् भक्ति गर्नेले कर्म गर्नु पर्दैन कोही भन्छन् कर्म गर्नेले भक्ति गर्नु पर्दैन । त्यसो हैन सबै सँगसँगै गर्नुपर्छ । त्यसैले सबै भन्दा पहिले हामीले हाम्रो कर्मलाई विशुद्ध बनाउनु पर्छ, सेवा मूलक बनाउनु पर्छ । यो संसारमा व्यक्ति विभिन्न विचारधाराका हुन्छन्, त्यसैले आफू बचेर कर्म गर्नुपर्छ, फसेर होइन ।

कर्मलाई नै संस्कृति भनिएको छ । कर्मको सिद्धान्त जानेर कर्म गर्ने कर्मकर्ता नै बुद्धिमान हो र मनुष्यहरुमा योगी त्यही हो । भगवान्को चिन्तन पनि राम्ररी विधिपूर्वकले गर्ने हो भने जीवन पर्यन्त प्रभुको कृपा हुने गरी एकै साधनले ठीक पार्छ, कृपा लिन सकिन्छ । फलको मात्रै ध्यान गयो भने हामीमाथि जान सक्दैनौं त्यसो भएको हुनाले हामीले जप गर्नु , पाठ गर्नु, ध्यान गर्नु, भगवान्को भक्ति गर्नु सबै कर्ममा आधारित छ ।

अब यसपछि हामीले भक्ति बुझ्नु पर्यो । भक्तिको पनि महिमा छ । यदि तपाई भक्तियुक्त कर्म गर्नु हुन्छ भने कर्म पनि सफल हुन्छ । भक्ति युक्त ज्ञान भईदियो भने ज्ञान पनि सफल छ । किन त भन्दा जुनसुकै व्यक्तिलाई वशमा राख्ने प्रेम हो । प्रेम भक्तिको पनि अवस्थाहरु छन् । गौण भक्ति, मध्यम भक्ति, उत्तम भक्ति र अति उत्तम भक्ति ।

सांसारिक आशक्तिले छोडेको छैन तर भगवान्को भक्ति पनि छ, संसार प्रति आशक्ति बढी छ भगवान् प्रतिको प्रेम गौण छ भने त्यसलाई निम्न ( गौंण) भक्ति भनिन्छ। भगवान्को निम्न भक्ति भएको कारणले भगवान्को पूजाआजा गरे पनि बढी से बढी प्राथमिकता सांसारिक सुख भोग, सांसारिक ध्यान, सांसारिक कामना अथवा स्वर्ग जानको निम्ति अथवा कुनै लोक जानको निम्ति यस्तो किसिमको वासना राखेर हामीले सामान्य जति पनि पूजा अर्चना, यज्ञ यज्ञादि गर्छौं, तीर्थ व्रत गर्छौं, दान धर्मका जति पनि पुण्य काम गर्छौं ती सबै गौंण भक्तिमा छौं कि अलिकति माथि छौं त्यसको विचार गर्नुपर्छ । गौंण भक्तिले ज्ञान खोज्नेतिर लागेको हुँदैन । प्रभुलाई कसरी भेटाउने भन्ने प्रबलता पनि आउँदैन, भित्र जिज्ञासा जागेको हुँदैन ।

मध्यम भक्तिमा आईपुगेका व्यक्तिहरु के गर्छन त भन्दा परमात्माको पूजापाठ गर्दा पनि कामना तिर वढी जोड दिँदैन, उसको प्रत्येक पूजा निष्काम हुन्छ । प्रभुसँग माग्न पयो भने पनि हे प्रभु मलाई ज्ञान दिनुहोस्, मलाई हजुरको भक्ति दिनुहोस्, मलाई सत्धर्ममा प्रीति रहोस्, सतकर्ममा प्रीति रहोस्, म सत्यमा रहन सकुँ, मलाई पूर्ण कृपा गरिबक्स्योस्, हे प्राणनाथ मैले केही पनि जानेको छैन, म हजुरको शरणमा छु भनेर बारम्बार प्रार्थना गर्दछ । उसको भाव पनि कस्तो त भन्दा कोही गुरुसँग मन्त्र लिन पाए हुन्थ्यो, धर्म भनेको के हो, अधर्म भनेको के हो, मरेपछि कहाँ जाने, कहाँबाट आएछु, यो जान्नपाए हुन्थ्यो, भगवान्को धाममा जानपाए हुन्थ्यो, बैकुण्ठ धाम जानपाए हुन्थ्यो, कहाँ बैकुण्ठवास, कहीँ कैलाशवास, कहीं मणिपुरवासी यो के हो ? यस्तो जिज्ञासा आईरहन्छन् ।

जसको साथमा प्रभु छ, जसको साथमा गुरुकृपा छ, भगवान्को कृपा छ त्यसको दुनियाँमा डराउनु पर्दैन । त्यसकारण म यहाँहरुलाई के भन्छु भने आफ्नो कर्म बहुत पवित्र पार्नुपर्छ, सानो बन्नु पर्छ, जे जस्तो ठाउँ छ त्यस्तै सेवा गर्नुपर्छ । घर परिवारमा बसेको छ भने सेवा गर्नु पर्यो । माताको सेवा गर्नु पर्यो, पिताको सेवा गर्नु पर्यो, समाजमा भए समाजको सेवा गर्नु पर्यो, महात्माको सेवा गर्नु पयो, साधु सन्त हुनुहुन्छ भने साधु सन्तको सेवा गर्नु पर्यो, आफू भन्दा बडालाई सम्मान गर्नु पयो, आफूभन्दा सानालाई स्नेह माया गर्नु पर्यो । तपाईको बोलीचालीले मान्छेलाई प्रभाव पार्छ । त्यसैले मिठो बोल्नु यो सत्यं वद प्रियं वद आफूमा पनि दुर्भावना पैदा गर्नु हुँदैन । उ यस्तो छ भनी आफू उसित सर्तक रहने त्यति हो ।

आफूले जे खान्छ, जे लिन्छ, जे दिन्छ सबै ब्रह्ममा अर्पण गर्ने । ब्रह्मैबाट आएको ब्रहमैमा रहको ब्रह्मबाट भिन्न छैन । सारा “ब्रह्मप्रसाद” भनेर ग्रहण गर्नुपर्छ । **ब्रह्मार्पणमस्तु**- ब्रह्मलाई अर्पण गरेर खाएको बस्तु अमृत तुल्य हुन्छ । **कृष्णार्पणमस्तु** भन्दा १००० गुणा बढी फल **ब्रह्मार्पणमस्तु** गर्दा पाईन्छ । ब्रह्मको प्रसाद कृष्ण, राम, हरि, शिव सबैलाई चल्छ र **ब्रह्मार्पणमस्तु** भन्न पनि सजिलो छ । परब्रह्म परमेश्वरलाई आफूले खाने कुरा अर्पण गरेर

देवताहरुमा पनि चढाउन पनि मिल्छ । त्यही ब्रह्मनैवेद्य ब्रह्मलाई पहिले चढाउने त्यही नैवेद्य राम, कृष्ण, कुलदेवता, इष्ट देवता सबैलाई चढाउने त्यो ब्रह्मनैवेद्य कुकुरको मुखबाट निक्लेको रहेछ भने पनि चोखो मानिन्छ । यो शिवजीले भन्नु भएको हो । त्यसकारण ब्रह्मपूजा अरु जस्तो चन्दन अक्षतादि गरिरहन पर्दैन सजिलो छ । ब्रह्मको पूजा गर्ने तरिका छ । कुनै कारणले आत्मज्ञान गर्न नसके पनि ब्रह्म उपासकले संसारमा पैदा हुनु पर्दैन । त्यति माथिल्लो धाम जान्छ, परमगति परमधाम नै जान्छ । ब्रह्मलोक, विष्णुलोक, गोलोक, कैलाश सबैभन्दामाथि अन्तिम धाम परब्रह्मधाम हो । पावनधाम सर्वव्यापक स्वरूप परमात्मामा समाहित हुने यस्तो ब्रह्मधाम उसले प्राप्त गर्छ जहाँबाट फेरि पुनरावृत्ति हुँदैन, जहाँ गईसकेपछि फर्किन पर्दैन । त्यस्तो किसिमको धाम प्राप्त हुन्छ । त्यो धाम प्राप्त गर्नको निम्ति परब्रह्म उपासना छुट्टै गर्नुपर्ने हुन्छ । त्यसको तरिका छ, विधि छ ।

अलि अलि गर्दै जब पुण्य बढ्दै जान्छ तब मध्यम भक्तको अन्तस्करण सतह पूर्ण रूपले सफा हुन थाल्दछ । अब त्यहाँ बाट उत्तम भक्तिमा आईपुग्छ । उत्तम भनेको हिँड्दा डुल्दा बस्दा खाँदा जुनसुकै बेलामा पनि प्रभुमा प्रेम भैराख्ने, फुर्सद भयो कि प्रभुमा प्रीति गर्ने । हरि प्रेम भए हरि मै प्रेम भैराख्ने, शिवमा प्रेम भए शिवमै प्रेम भैराख्ने । उसलाई यस्तो किसिमको प्रेमभक्ति दिन प्रतिदिन वढ्दैजान्छ । फलस्वरूप पूरा सात्विक गुण सम्पन्न हुन जान्छ । उसको सम्पूर्ण आहार, विहार शुद्ध हुन जान्छ । जथाभावी नखाने अर्थात् ***"आहार शुद्धि सत्व शुद्धि सत्व शुद्धि ध्रुवा स्मृति"***त्यसकारण उसको आहार शुद्धि हुन्छ, वचन शुद्धि हुन्छ । अनैतिक कुकर्म गर्दैन, नराम्रो नचाहिने कुरा बोल्दैन र स्वच्छ विचार गर्नेतिर लाग्छ। अनैतिक कुकर्म गर्दैन, नराम्रो नचाहिने कुरा बोल्दैन, र सोच्छ विचार गर्न तिर लाग्छ । यस्तो उत्तम साधक आत्मा के हो, आत्मा कस्तो हुन्छ, म भनेको के हो, जगत भनेको के हो, माया भनेको के हो, भगवान भनेको के हो, ईश्वर भनेको के हो, जगत भनेको के हो, माया भनेको के हो, ब्रह्म भनेको के यस्तो किसिमको जिज्ञासाको समाधान खोजिरहन्छ । उत्तम भक्तले एकातिर भगवान्को प्रति पनि गर्दै जान्छ, यज्ञ, यज्ञादि कर्महरु पनि निष्काम रुपले गर्दै जान्छ, अर्को तिर म यो देह होइन आत्मा पो रहेछु, म भगवान्को सनातन अंश रहेछु भगवान्बाट भिन्न रहेनछु, यो चेतन रहेछ यो जीव

रहेछ, यही जीवले नै यो शरीरलाई संचालन गरिखाखेको रहेछ, यो तत्त्व नभएको भए आँखा पनि चल्दैन, नाक, मुख, कान पनि लाग्दैन । न कर्मेन्द्रिय, न ज्ञानेन्द्रिय, न बुद्धि न चित्त, न अकंकार म त चेतन रहेछु भन्ने पनि उसले जान्दै जान्छ । त्यस्तो उत्तम भक्त तत्त्वबोध तिर लाग्छ । सोहं भावतिर लाग्छ । उतातिर हंस भाव थियो भने अब सोहं भाव हुन्छ ।

परब्रह्म परमेश्वर दिव्यरुपमा भईकन निर्गुणरूपमा पनि हुनुहुन्छ सगुणमा पनि हुनुहुन्छ र निराकारमा पनि हुनुहुन्छ । परमात्माको दिब्यरुप, निगुर्ण रुप, निराकार रुप सम्पूर्ण महिमा जान्नु पर्ने हुन्छ बुझ्नु पर्ने हुन्छ । निराकार ब्रह्म रूप स्वयं प्रकाश पनि, भगवान्‌को दिव्य रुप पनि सम्पूर्ण एउटै ब्रह्म हो । एउटै भगवान् रहेछ उहाँ नै भगवान् हरि रुपमा, आत्मा रुपमा, उहाँनै परब्रह्म रुपमा, यो किसिमको ज्ञान जब उदय हुन्छ तब त्यस्तो भक्तलाई अति उत्तम मानिन्छ । अति उत्तम भक्तको वशमा भगवान् हुन्छ । भगवान् भन्नु हुन्छ मलाई कुनै पनि जप, ध्यान तीर्थले वशमा राख्न सक्दैन, न कुनै ज्ञानीले, म त भक्तको अधीनमा हुन्छु, वशमा हुन्छु । कृष्णले पनि शिवले पनि यही भन्नुहुन्छ ।

भगवान् रामचन्द्रले शिवजीलाई ४ महिना सम्म अनन्य प्रेम गर्नु भयो । बिहान देखि बेलुका सम्म उहाँके चिन्तन र प्रेम गर्दा गर्दा त्यो प्रेमकै कारणले भगवान् शिव प्रकट हुनु भयो र दिव्य ज्ञान प्राप्त गर्नुभयो, सदा सर्वदा दिव्य शक्ति प्राप्त गर्नु भयो । उहाँ अति उत्तम ज्ञानी हुनुहुन्थ्यो । उहाँलाई आत्मज्ञान पनि थियो ब्रह्मज्ञान पनि थियो तर त्यति भैकन पनि उहाँले आफ्नो कार्य सिद्धीको निम्ति सकाम भक्ति गरे पनि उहाँको अनन्यताको कारणले गर्दा भगवान्को यथार्थ ज्ञान भयो । शिवजीको वरदानले परीपूर्ण भएर भगवान् कृष्ण स्वयं ईश्वरको अवस्थामा पुग्नु भयो । अतः प्रेमाभक्तिको पराकाष्टा सिद्धी गर्ने पनि प्रेम भक्ति नै हो । योगको पराकाष्टा प्राप्त गर्ने पनि प्रेम भक्ति नै हो । यदि भगवान्लाई अनन्य भक्ति गर्छ भने, गुरुभक्तियुक्त छ भने उसलाई परमात्माको कृपा हुन्छ । उसको वशमा भगवान् हुन्छ, उसले उठ भने उठ, बस भने बस ।

भगवान् विष्णुले नारदलाई भन्नु भयो म बैकुण्ठलोकमा पनि बस्दिन, म लक्ष्मीकोमा बस्दिन म भक्तको अधीनमा बस्छु । भगवान् कृष्ण पनि भन्नुहुन्छ मेरो आत्मादेव भगवान् शंकर पनि त्यति

प्रिय छैन जति मेरो भक्त प्रिय छ । जसले भक्ति गर्यो भगवान् उसको भयो । भगवान्लाई आफ्नो बनाउने हो भने ज्ञानको सिलसिला मात्र होईन, भक्तिको पराकाष्टा पनि बुझ्नुपर्छ । तपाईले दिव्यरुपको साथमा निर्गुण आत्माको भक्ति गर्नु भयो भने परब्रह्म जान्नु हुन्छ । याने परब्रह्म बोध हुन्छ । आत्माको प्रिती गर्दा गर्दै त्यो आत्मा ब्रह्ममय भईदिन्छ । उसको निम्ति यो जगतमा कुनै कर्म गर्ने शेष रहँदैन । कर्म गरोस् या नगरोस् त्यो भक्त नै हुन्छ र उ मुक्त नै हुन्छ । तसर्थ भक्ति छोड्ने नै होईन ।

भक्ति, कर्म र ज्ञान यी ३ वटै छोड्नै हुँदैन । बैकुण्ठमा बसेर भगवान् विष्णुले उहाँको ईष्टदेव भगवान् शिवको भक्ति गर्न छोडेको छैन । भगवान् शिवले महाईश्वरको ध्यान गर्न छोड्नु भएको छैन । हामी चाहिँ अलिकति केही भयो भने, अलिकति ज्ञान भयो भने सबै छोडिदिन्छौं, यस्तो गर्नु हुँदैन ।

स्वरुप अनुसन्धान भक्ति अति उत्तम भक्ति हो । स्वरूप अनुसंन्धान भक्ति भनेको मैले अघि नै भने म देह होईन, म पाँच कर्मेन्द्रिय होईन, म पाँच ज्ञानेन्द्रिय होईन, पञ्चमहाभूतले बनेको शरीर पनि होईन, संकल्प विकल्प गर्ने मन पनि होईन, निश्चय गर्ने बुद्धि पनि होईन, निर्णय गर्ने विवेक पनि होईन, देहसंग युक्त भएको म अहंकार पनि होईन, यो सात्विक अन्तःकरण, राजसिक अन्तःकरण र तामसिक अन्तःकरण पनि म होईन, यी सबैलाई जान्नेवाला चेतन जीव तत्व सनातन आत्मा म हुँ भनेर जान्नु हो । आत्माको ध्यान गर्ने तरिका छ, यो धेरैले बताउँदैनन् । जीवलाई नित्यआत्मा स्वरुप महाईश्वरमा स्थित गरेर परमेश्वरमा लगी पूर्ण अवस्था प्राप्त गर्नु पर्छ ।

अरु पुण्य बटुल्दै गएर महाईश्वरको भक्ति गर्न लागियो भने त्यो सहजै माथि जान्छ । ब्रह्मा, विष्णु, रुद्र लोक भन्दा माथि महाईश्वरको अवस्था छ जसलाई ईश्वरको कटाहा भनिन्छ । ईश्वरको कटाहा भेदन गर्दा हाम्रो पुनरावृति हुँदैन । अर्को कुरा महाईश्वरको साधना गोपनीय छ । यो महाईश्वरको दिव्य रुपको साधना गर्नु पर्छ । संसारको भोग्यभाव छोड्दा जीवात्मा रुपमा व्यापक प्रतिपादन हुन्छ र जीव द्रष्टा हुन जान्छ । उपद्रष्टा स्वरुप भएको जो छ त्यो ईश्वर हो । त्यो ईश्वरको महाईश्वर जो हुनुहुन्छ त्यो महाईश्वरलाई हामीले भजन गर्न पायौं भने त्यसको साधन

गर्न पायौं भने हामीहरुको गति सिधै नित्यआत्माको ध्यानमा पुगिन्छ । आत्माबाट नित्यात्मामा पुगिसके पछि मात्र तपाईलाई विशुद्ध आत्मा प्राप्त हुन्छ । याने अन्तर आत्मामा प्रवेश गरेर परमात्मालाई प्राप्त हुन्छ । अति रहस्यमय कुरा हो यो । त्यसो भएको हुनाले हाम्रो गहिरो भक्ति चाहिन्छ, भक्ति नगर्ने हो भने तपाईको अन्तकरण सफा हुन सक्दैन तत्त्वबोध र आत्मबोध पढेर मात्र म आत्मा हो भनेर यतिकै वस्तु हुन्छ भने तपाईको पूर्णत्व सिद्धी सम्भव छैन । किन भने तपाई सफा हुनु भएको छैन । तपाईलाई अहंकारले छोडेको छैन, आशक्तिले छोडेको छैन ।

अति उत्तम भक्तिले जीवनलाई पनि मेटाई दिन्छ, ब्रह्ममय बनाई दिन्छ । मेरो रुप भन्ने पनि देखिदैन । सोहं को ज्ञानदेखि माथि पुग्छ । अहं ब्रह्मोऽस्मिदेखि माथि पुग्छ । परब्रह्म भावमा प्रतिष्ठित भएर ब्रह्मभावमा प्रतिष्ठित हुन्छ । त्यसकारण हामीले भक्तिलाई छोड्नु हुँदैन ।

ब्रह्माजीले कृष्णलाई भगवान् हो कि होइन भनेर शंका गर्नु भयो । शंका लागेको हुनाले गाईहरु, गोपहरु भएको ठाउँमा जाँदा कृष्णले गाई, गोपहरुलाई मग्न बनाई राख्नु भएको थियो । ब्रह्माजीले शक्तिशाली ओढार भित्र सम्पूर्ण गाईलाई चर्ने व्यवस्था मिलाई लुकाई दिनु भयो अनि आफू ब्रह्मलोक जानु भयो । ब्रह्माजीको यो विचार कृष्णलाई थाहा थियो । गोठालाहरुले गाई खोजे तर गाईहरु कतै पाईएन । कृष्णले यसो ध्यान गरेर हेर्दा त ब्रह्माजीले ओढारमा थुनेर राखेको रहेछन् । कृष्णको पालो जतिवटा गाई, गोप र गोठालाहरु जति थिए उतिवटै प्रकट गर्नुभयो । सवै बनिसकेपछि घरमा लिएर गए । अघिपछि गाईले हान्ने गर्थ्यो । आज त गाईले एकले अर्कालाई प्रेम गर्न थाले । एउटाको दुध अर्को बाच्छो खान्थ्यो । अर्को आमाचाहिँको दुध अर्को बाच्छाले खान्थ्यो । पहिला त एक अर्का जुधिरहन्थे आज सबै शान्त छन् । बलरामले यसो हेरेको त सबै गाईमा कृष्ण नै कृष्ण देखे । कृष्ण भगवान्को लीला देखेर उहाँ चुप लाग्नु भयो । एक वर्ष जति भईसकेपछि पनि खोज्नै आएनन् भनेर यसो ब्रह्माजीले ध्यान गरेर हेर्दा त आफूले थुनेको गाई जस्ताको तस्तै देख्नुभयो । अनि त्यहाँबाट गाई, बाच्छा, गोठालाहरु सबै लिएर आई कृष्णको स्तुति गर्नु भयो-

गोपाल भेष भगवान् गर्छु प्रणाम खाली, तिम्रो समस्त लीला को सक्छ जान्न खोई, माया लिएर खेल्छौ जगतमा कति कहाँ कसोरी, भक्ति छ श्रयसरिता छाडी जीउन नाथ, ज्ञानी बनेर कोही भूस कुट्छ हाय बेर्थ, पशु वा पन्छी कहीं होस् जन्म पीर छैन ।

यस किसिमले ब्रह्माजीले भन्नु भयो ज्ञानी बनेर मानिस भूस कुटिराखेका हुन्छन् अब म त भक्ति नै गर्छु ।

प्रभुको नाम जप्दा रोम रोममा आनन्द आउँछ । तपाईको आपद विपद सबै जान्छ । अनन्य भावले गर्नु भएको छ भने तपाईलाई त्यही मिल्छ जुन तपाईले इच्छा गर्नुभएको छ । आत्मा ज्ञान चाहिएको छ भने आत्मा ज्ञानै मिल्छ, प्रभुको यथार्थ सत्यज्ञान होस् भन्नु हुन्छ भने त्यो पनि मिल्छ । तर केवल भक्ति भक्ति भनेर चिल्लाएर पुग्दैन, तरिका जान्नु पर्छ । नत्र जति भक्ति गरेपनि त्यही रुप मात्र आईरहन्छ ।

एउटा इतिहास सुन्नुस् रामकृष्ण परमहंसको । रामकृष्ण परमहंस विवाह गरेकै दिन श्रीमतीलाई भगवतीको रुपमा पूजा गर्नु भयो । जबरजस्ती विवाह गरिदिए तर जिन्दगीभर ब्रह्मचारी रहनुभयो , कामवासना जित्न सक्ने कामजयी हुनुहुन्छ । आमा भनेपछि कालीमाता आउनु हुन्थ्यो । रोएर माता भनेपछि मूर्तिबाट झगझग ज्वाला निस्किन्थ्यो तर कहिल्यै केही माग्नु भएन । अति उत्तम भक्त हुनु हुन्थ्यो, भगवती माता कालीको अनन्य भक्त उहाँले नपढे पनि काली मन्दिरको पुजारी भएर बस्नु भएको थियो । कलकत्तामा एक दिन तोतापुरी बाबा आउनु भएको थियो । तोतापुरी बाबाले यसो हेर्नुभयो रामकृष्ण परमहंसलाई, असाधारण व्यक्ति रहेछन् भनेर चिनेछन्। अनि उहाँलाई मसित वेदान्त ज्ञान लिन्छौ भनेर सोध्नु भयो । मेरो मातालाई सोध्नु पर्छ भनेर रामकृष्ण परमहंसले भन्नु भयो । भोलिपल्ट बिहान पूजा गरेपछि आमा यहाँ एक जना तोतापुरी बाबा आउनु भएको छ, मलाई वेदान्त ज्ञान लिन्छस् भन्नु भएको छ । म के गरुँ भनेर सोध्नु भयो । आमाले हुन्छ लेउ भन्नु भयो । यहाँ भगवतीले पनि ज्ञान दिनुहुन्न भन्न खोजेको होईन । सधै आमासँग कुरा हुन्थ्यो तर खोई दिएको ? कति खोज्नुपर्छ, एक दुईवटा कुरा भन्छन् त्यति त हो । यहाँ कुरा बुझ्नु छ कथा हेरेर कथाको रहस्य बुझ्नु छ ।

“यो वेदान्त मार्ग भनेको सन्यास दिक्षा हो, म सन्यास दिन्छु, सन्यासमा मात्र यो साधना हुन्छ ।” तोतापुरी बाबाले यसो भन्नु भएपछि रामकृष्ण परमहंसले मेरो त श्रीमती छ भन्नुभयो । त्यसो भए म गुप्त सन्यास दिन्छु । विजाहवन गरेर हुन्छ भन्नु भयो । ल त शुभ दिन, शुभ तिथी, शुभ

मुहूर्त पारेर विजाहवन गर्नु भयो, विधिपूर्वकले ११ दिन लगाएर दिक्षा दिनु भयो । श्रीमती भईकन पनि दिनु भयो उहाँले गुप्त सन्यास, प्रकट दिनु भएन । अब गुरुले चाह्यो भने जे पनि हुन्छ, किन ? गुरु वचनम् सम्पूर्णम् । हो कि होइन ? यहाँ गुरुको वचन नै पूर्ण हुन्छ । बिजाहवन गरेपछि दिक्षा दिनुभयो अनि ध्यान सिकाउनु भयो, आत्मज्ञान दिनु भयो । तर जहिले ध्यान गरेपनि खाली काली मात्र आउने। "मलाई भगवती मात्र आउँछ" रामकृष्ण परमहंसले भन्नुभयो । किन भने जसको भाव गयो त्यही आउँछ । त्यतिबेलासम्म उहाँलाई त्यही भाव थियो। अनि तोतापुरी बाबाले भन्नु भयो कालीलाई पनि भेदन गरेर भित्र अझै जाउ त्यसपछि मात्र ब्रह्म साक्षात्कार हुन्छ ।

त्यसपछि भगवतीलाई भेदन मात्र के गरेको थियो निर्विकल्प समाधि लागिहाल्यो । निर्विकल्प समाधि लागेपछि तोतापुरी बाबा चकित पर्नुभयो । किनभने तोतापुरी बाबा षड्दर्शनाचार्य व्याकरणाचार्य, न्यायको आचार्य, ज्योतिष, छन्द निरुक्त सबैको आचार्य । त्यस्ता किसिमको महाज्ञानी  हुनुहुन्थ्यो तोतापुरी  बाबा । अहो ! ४० वर्ष लगाएर सिद्ध गरेको मैले यसले त एक घण्टामै सफल पार्यो । अचम्म पर्नु भयो तोतापुरी बाबा । अनि रामकृष्ण परमहंसलाई ढोकामा ताल्चा लगाएर आफू बाहिर बस्नु भयो । ३ दिन पछि समाधि खोल्दिनु भयो । गुरुसँग मात्र साँचो हुन्छ ताल्चा खोल्ने र लगाउने त्यसैले सद्गुरु चाहिन्छ । यहाँ सिद्धान्त मात्र पढेको, धेरै भन्न मात्र जान्ने गुरुले हुनेवाला छैन । अनि उहाँले समाधि खोलिदिएपछि जय गुरुदेव भनेर रामकृष्ण परमहंसले ढोग्नु भयो । पहिला ढोग्नु भएको थिएन, पछि ढोग्नु भयो   किनभने तोतापुरी बाबाले परमधाम नै पँहुचाई दिनु भयो । त्यसो भनेर यहाँ कालीको भक्ति नगर्ने भनेको होइन, त्यही माताको कृपाले त्यहाँसम्म आईपुग्यो । रामकृष्णको अन्तस्करण पवित्र थियो । माता जगदम्बाको कृपा थियो र तोतापुरी बाबा रामकृष्णकोमा आइपुगे । कसैलाई दिक्षा लि भन्छन् गुरुले ? कसैलाई भन्दैनन् । अनि त्यो महाज्ञानको स्थितिमा जानलाई योग्यता चाहियो । पवित्रता चाहियो, उत्तम भक्ति चाहियो, अति उत्तमको अवस्था प्राप्त गर्ने भक्त चाहियो । अनि उसको भगवती माता त्यति नजिक हुँदा पनि त्यो बोध भएको थिएन । भन्नुको तात्पर्य यहाँ राम दर्शन, कृष्ण दर्शन या कुनै पनि रुपको दर्शन गर्दैमा बोध हुँदैन । तर फेरि रुपको दर्शन नगरी पनि हुँदैन । दिव्य प्रभुको महिमा पनि अपार छ ।

दिव्य महिमाको लीला बुझेपछि तपाईलाई थाहा हुन्छ की भगवान् कृष्णले रामले के के साधन गर्नु भयो । त्यसैले महापुरुषहरुले भगवान् कृष्णलाई मानव गुरुमा जगतगुरु राखिएको छ । भास्कार, इन्द्र, नृसिंह, महेश्वर, भगवान् शंकर आदिलाई जगतगुरुको रुपमा राखिएको छ । सिद्ध गुरुमा सनक, सनन्दन, सनतकुमार, सनतसुजात, रिंबुछेद, दत्तात्रय, रेवक, वामदेव, व्यास र शुकदेव पर्नु हुन्छ । दिव्य गुरुहरुमा महाब्रह्मा, महाविष्णु, महारुद्र, ईश्वर, सदाशिव, परनाथ पर्नुहुन्छ ।

यी सबै निराकार ब्रह्मबाट प्रकट भएर आएका गुरुहरु हुन् । त्यसकारण यसका महिमा अति अपार छ । यी सबै कुरालाई आत्मासाथ गरेर कर्ममार्ग, भक्तिमार्गमा अनन्य रुपमा लागियो भने भक्तको परम् कल्याण हुन्छ, परमधाम प्राप्त हुन्छ, यसमा शंका छैन् ।

सद्गुरुदेवको प्रवचन (२०६४ / १० /१२)

**हरि ओम तत्सत् ।**